# युवा उद्यमशीलता पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावना: युवा उद्यमशीलताको क्षेत्रमा योगदान पुऱ्याउने कर्णाली प्रदेशका प्रदेश निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी एक/एक जना युवा उद्यमीलाई पुरस्कृत गर्ने कार्यलाई सहज, सरल, व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "युवा उद्यमशीलता पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले युवा उद्यमशीलता पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "युवा उद्यमी" भन्नाले स्थानीय स्रोत, साधन र सीपको प्रयोग गर्दै आफैं उद्योग एवं व्यवसाय सञ्चालन गरी पूर्ण वा आंशिक रोजगारी प्रदान गर्ने युवा (१६-३५ वर्षको) सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ७ बमोजिमको पुरस्कार छनौट समिति सम्झनु पर्छ।

३. कार्यक्रम सञ्चालन कार्यविधि: (१) मन्त्रालयले कम्तीमा तीस दिने सूचना प्रदेशस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालय एवं जिल्लास्थित सामाजिक विकास कार्यालयको वेबसाइट र सूचना पाटीमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा तोकेको म्यादभित्र दफा ४ बमोजिमको योग्य आवेदकले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन र अनुसूची-२ बमोजिमको ढाँचामा स्वःघोषणा पत्र सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

४. प्रस्ताव पेश गर्ने न्यूनतम योग्यता: यस कार्यविधि बमोजिमको कार्यक्रममा सहभागि हुन चाहने युवाले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) १६ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने,

(ख) कर्णाली प्रदेशको स्थायी वासिन्दा भएको हुनुपर्ने,

(ग) कुनै किसिमको फौजदारी अभियोगमा सजाय नपाएको वा अन्य कुनै कानूनले अयोग्य नभएको।

घनश्याम भण्डारी
मा. मन्त्री

५. <u>प्रस्ताव पेश गर्ने विधिः</u> दफा ३ बमोजिम प्रस्ताव पेश गर्न चाहने युवाले देहायका कागजात एवम् विवरण संलग्न गरी सूचनामा तोकिएको अवधिभित्र प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) अनुसूची-१ को ढाँचा बमोजिमको निवेदन,

(ख) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) अन्य प्रदेशबाट आएको हकमा नियमानुसारको बसाईंसराईं दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) बैंक खाता र सोको विवरण,

(ङ) अनुसूची-२ बमोजिमको स्वघोषणापत्र,

(च) सोह्र वर्ष पूरा गरी पैंतिस वर्ष ननाघेको नेपाली नागरिक,

(छ) आफ्नो नामबाट उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रुपमा उद्योग व्यवसाय सञ्चालन गरेको,

(ज) स्थानीयस्तरमा रोजगारी सिर्जना गरेको,

(झ) श्रम सम्बन्धी कानून उल्लंघन गरेको कारणबाट कारवाहीमा नपरेको,

(ञ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,

(ट) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

६. <u>प्रोत्साहन गरिने युवा वा युवा समूहको संख्याः</u> युवा उद्यमशिलता पुरस्कार कार्यक्रम कार्यान्वयनका लागि कर्णाली प्रदेश अन्तर्गतका प्रदेश निर्वाचन क्षेत्रबाट एक/एकवटा युवा उद्यमीको प्रतिनिधित्व हुने गरी बढीमा चौबिस जना युवा वा युवा समूह छनोट गरी प्रोत्साहन गरिनेछ।

७. <u>पुरस्कार छनोट तथा सिफारिस समितिः</u> (१) दफा ३ बमोजिम आवेदन प्राप्त भएपछि पुरस्कार प्रदान गर्ने प्रयोजनका लागि कागजात जाँच गरी युवा उद्यमीको नाम र योगदान सहितको अभिलेख तयार गरी कर्णाली प्रदेशका २४ वटा प्रदेश निर्वाचन क्षेत्रका एक/एक युवा उद्यमीको नाम सिफारिस गर्न एक पुरस्कार सिफारिस समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) प्रतिनिधि (अधिकृतस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) निर्देशक, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | -सदस्य |
| (घ) प्रमुख, युवा तथा खेलकुद महाशाखा, मन्त्रालय | -सदस्य |
| (ङ) प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेश | -सदस्य |
| (च) अध्यक्ष, लघु औद्योगिक ग्राम, कर्णाली प्रदेश सुर्खेत | -सदस्य |
| (छ) अधिकृत, युवा तथा खेलकुद महाशाखा, मन्त्रालय | -सदस्य-सचिव |



घनश्याम भण्डारी
मा. मन्त्री

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ तथा सम्बन्धित महाशाखाका कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले कर्णाली प्रदेश खर्च मापदण्डको परिधिभित्र रही कार्यक्रमको प्रशासनिक खर्चबाट व्यहोर्ने गरी नियमानुसार बैठक भत्ता प्राप्त गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. छनोटको आधारः (१) दफा ७ बमोजिमको समितिले युवा उद्यमी छनोट गर्दा अनुसूची-३ बमोजिमको मूल्याङ्कन सूचक र ढाँचाका आधारमा पुरस्कारका लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनोट भएका युवालाई अनुसूची-४ बमोजिमको सम्मानपत्र प्रदान गरिनेछ।

९. विनियोजित बजेट बाँडफाँटः कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रमका लागि विनियोजित रकम देहाय बमोजिम बाडफाँट गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(क) समितिले सिफारिस गरेका चौबिस जना युवा उद्यमीलाई जनही पचास हजार रूपैंयाका दरले बाह्र लाख रुपैयाँ र

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक खर्चबापतको रकम मन्त्रालयको निर्णयानुसार व्यवस्था हुने।

१०. पुरस्कारको अभिलेखः मन्त्रालयले पुरस्कार वितरणको अभिलेख राख्नु पर्नेछ र त्यस्तो अभिलेख वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

११. पुनः सिफारिस नगरिनेः यस कार्यविधि बमोजिम एक पटक पुरस्कार प्राप्त गरेको युवा उद्यमीलाई पुरस्कार प्राप्त गरेको पाँच वर्षसम्म पुनः पुरस्कारको लागि सिफारिस गरिने छैन।

१२. दण्ड सजायः यस कार्यविधि बमोजिम पुरस्कारको लागि कुनै युवा उद्यमीले गलत कागजात पेश गरेमा सोको जिम्मेवार सम्बन्धित युवा नै हुनेछ र निजलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१३. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (२) र दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

फोटो

## आवेदनको ढाँचा

श्री सामाजिक विकास मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत।

विषयः पुरस्कारका लागि आवेदन सम्बन्धमा।

महोदय,

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको मिति..................मा प्रकाशित सूचना बमोजिम पुरस्कार प्रदान गरिपाऊँ भनी देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु।

१. नाम थरः (क) नेपालीमाः (ख) अंग्रेजीमाः
२. ठेगानाः (क) अस्थायी ठेगानाः (ख) स्थायी ठेगानाः
३. सम्पर्क नं.
४. इमेल ठेगानाः
५. उद्योग व्यापारको नामः
६. उद्योग/व्यवसायको विवरणः
५. उद्योगको प्रकृति र कार्यक्षेत्रः
७. भौगोलिक कार्यक्षेत्रः जिल्ला........................नगरपालिका/गाउँपालिका....................

उद्यमसँगग सम्बन्धित संलग्न कागजातहरूः

(१) उद्योग सञ्चालकको नागरिकताको प्रतिलिपि, उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि पछिल्लो आर्थिक वर्षको करचुक्ता गरेको प्रमाण/रसिद, उद्योग नवीकरण गरेको कागजात, उद्योग व्यवसायको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रतिलिपि
(२) रोजगारी प्रदान गरेको विवरण/संख्या,
(३) उद्योगमा प्रयोग हुने कच्चा पदार्थको विवरण/संख्या,
(४) स्थानीय तहको सिफारिस (निरन्तर सञ्चालन भएको)

*माथि उल्लिखित व्यहोरा तथा कागजात ठीक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।*

निवेदकको नाम थरः
दस्तखतः



घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-२

(दफा ३ को उपदफा (२) र दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

स्वःघोषणापत्र

जिल्ला ............ गा.पा./न.पा. ........................ वडा नं. .......... वस्ने श्री .................. को छोरा/छोरी वर्ष ....... को म ................ ले विगत ................ वर्षदेखि ............ उद्योग/व्यवसाय सञ्चालन गर्दै .......... जनालाई रोजगारी प्रदान गरेको छु। मैले हालसम्म कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएको छैन।

निवेदकः

नाम थरः

दस्तखतः

ठेगानाः

फोन नं.

इमेलः

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-३

दफा ८ को उपदफा (१) सँग सम्बन्धित

## मूल्याङ्कनका आधार

| सि. नं | मूल्याङ्कनका आधार | अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | रोजगार प्राप्त युवाको संख्या | २० | | |
| | २० वा सोभन्दा बढीलाई रोजगार प्रदान गरेको | २० | | |
| | १० देखि १९ जना सम्मलाई रोजगार प्रदान गरेको | १५ | | |
| | ५ देखि ९ जना सम्मलाई रोजगार प्रदान गरेको | १० | | |
| | ५ जना भन्दा कमलाई रोजगार प्रदान गरेको | ५ | | |
| २. | उद्योग सञ्चालन अवधि ( वर्ष अनुसार अङ्क बढाउने अधिकतमसम्म) | १० | | |
| | तीन वर्षभन्दा बढी भएमा ( प्रत्येक वर्ष १ अङ्कको दरले बढाउने अधिकतमसम्म) | १० | | |
| | तीन वर्ष पूरा भए न्यूनतम | ५ | | |
| ३. | युवाहरूलाई उद्यमी बनाउन सहयोगी कार्यक्रम सञ्चालन गरेको। (वार्षिक कार्यक्रमहरुको विवरण) | १० | | |
| ४. | लेवलिङ, प्याकेजिङ, बजारीकरण र सिप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालीम सञ्चालन गरेको प्रमाणित हुने सबै कागजात भएमा, | १० | | |
| | सिप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालीम सञ्चालन गरेको प्रमाणित हुने मात्र कागजात भएमा, | ५ | | |
| | लेवलिङ, प्याकेजिङ, बजारीकरण गरेको प्रमाणित हुने मात्र कागजात भएमा। | ५ | | |
| | जम्मा अङ्क ५० | | | |

घनश्याम भण्डारी

मा. मन्त्री

अनुसूची-४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**सम्मानपत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

**सम्मानपत्र**

श्री ..........................

.......................... ।

स्थानीय स्रोत र साधनको प्रयोगबाट तपाईले..............स्थापना गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्दै आर्थिक विकास र समृद्धिमा पुऱ्याउनु भएको योगदानको सम्मान र उच्च मूल्याङ्कन गर्दै..............जिल्ला/कर्णाली प्रदेशबाट उत्कृष्ट युवा उद्यमीको रूपमा छनौट हुनुभई युवा उद्यमी पुरस्कार २०...... बाट सम्मानित हुनु भएकोमा पुरस्कार स्वरूप नगद रु. ५०,०००/- (अक्षरुपी पचास हजार रूपैया) सहित यो सम्मानपत्र प्रदान गरिएको छ।

सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँको सक्रिय योगदानको अपेक्षा र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| ........................ | ........................ | .................... |
|---|---|---|
| महाशाखा प्रमुख | सचिव | मन्त्री |

घनश्याम भण्डारी
मा. मन्त्री